annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७६, पृष्ठ ८ | काठमाडौं, सोमबार १७ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | MONDAY, NOVEMBER 3, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# किन बिदेसिन्छन् नर्स ?

स्वास्थ्य संस्थाका फ्रन्टलाइनर हुन्, नर्सहरू । नेपाली फ्रन्टलाइनर (नर्स) हरू यतिबेला पेसाप्रति नै फ्रस्टेड छन् । बिरामीलाई मल्हम, औषधि दिँदै हेरचाह गर्ने नर्सहरू अन्योलग्रस्त भविष्यप्रति दिक्क देखिन्छन् । स्वदेशमा न्यून तलब र तनाव धेरै भएका कारण नर्सहरूमा बिदेसिने हुटहुटी छ । झन्डै ५० हजार नेपाली नर्सहरू नर्सिङ काउन्सिलबाट सर्टिफिकेट अफ गुड स्टचान्डिङ लिइसकेका छन् । नर्सहरूको गन्तव्य बनेको छ- अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानाडा, नर्वेदेखि गल्फ मुलुकसम्म । एकातिर नर्सहरू बर्सेनि बिदेसिने क्रम बढिरहँदा स्वदेशमा रहेका नर्सहरू आन्दोलनरत छन् । विश्वविख्यात फ्लोरेन्स नाइटिंगेलको सेवाभावबाट प्रभावित नेपाली नर्सहरू बिदेसिँदा मुलुकको स्वास्थ्य प्रणालीमै गम्भीर असर पर्ने देखिँदै छ ।




समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*
**जे. पाण्डे** | *अस्ट्रेलिया*
**- को रिपोर्ट**

## राजदूत फिर्ताको निर्णय कार्यान्वयन नगर्नू : सर्वोच्च




**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले ११ जना आवासीय राजदूतलाई मात्रै छनौट गरी फिर्ता बोलाउने सरकारको निर्णय कार्यान्वयन नगर्न आइतबार अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय सारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले ११ जना राजदूतलाई मात्रै छनौट गरी फिर्ता बोलाउने निर्णयको आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारण नदेखिएको ठहर गर्दै अन्तरिम आदेश जारी गरेको हो। आदेशमा भनिएको छ, 'हाललाई मन्त्रिपरिषदबाट भएको राजदूत फिर्ता गर्नेसम्बन्धी निर्णय कार्यान्वयन नगर्नू, नगराउनू, गर्न नलगाउनू, यथास्थितिमा राख्नू, राख्न लगाउनू भनी अन्तरिम आदेश जारी गरिदिएको छ।'

सर्वोच्चले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध समेतमा असर पर्न सक्ने सम्भावना रहेको र ११ जनालाई मात्रै छनौट गरी पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्नुपर्ने आवश्यकता र औचित्य पुष्टि हुने कुनै कारणसमेत उल्लेख भएको नदेखिँदा हाललाई राजदूत फिर्ता गर्नेसम्बन्धी निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्न आदेश गरेको छ। राजदूत नियुक्तिसम्बन्धी निर्देशिका,२०७५को दफा ८ (क)मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले चार वर्षको हुने व्यवस्था छ। सोही निर्देशिकाको दफा ८ (ग)मा सरकारले आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनु अगावै निर्णय गरी बोलाउन सक्ने व्यवस्था छ। 'राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गर्दा कार्यसम्पादन मूल्यांकन समेतका आधार, कारण खुलाएको पाइँदैन,' आदेशमा उल्लेख छ।

प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले गत असोज ३० गते अमेरिका, बेलायत, चीन, रूस, जर्मनी, जापान, इजरायल, मलेसिया, कतार, साउदी अरब, स्पेनका राजदूतलाई फिर्ता बोलाएको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकारले गत साउन १४ गते विभिन्न मुलुकमा १७ जना राजदूतलाई नियुक्त गरेको थियो।

» बाँकी पृष्ठ ६

# निर्वाचनको वातावरणमा सहयोग गर्न मुख्यमन्त्रीहरूलाई प्रधानमन्त्रीको आग्रह

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सातै प्रदेशका मुख्यमन्त्रीहरूसँग प्रधानमन्त्री सुशीला कार्कीले आइतबार संवाद गरेकी छिन्। कार्की प्रधानमन्त्री भएको डेढ महिनापछि मुख्यमन्त्रीहरूकै तत्परतामा यो बैठक भएको हो। फागुन २१ मा तोकिएको निर्वाचन, भ्रष्टाचार नियन्त्रण र सुशासनको विषयमा केन्द्रित भएर छलफल भएको छ।

बैठकपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले निर्वाचन, सुशासन र भ्रष्टाचार नियन्त्रणमा प्रदेश सरकारसँग कसरी सहकार्य गर्न सकिन्छ भनेर छलफल गरिएको बताए। उनले प्रधानमन्त्रीको सातै प्रदेशका मुख्यमन्त्रीसँग भएको पहिलो बैठक उपलब्धिपूर्ण र सफल भएको दाबी गरे। उनले भने, 'फागुन २१ को निर्वाचन, सुशासन र भ्रष्टाचार नियन्त्रण लगायतका विषयमा संघीय सरकार र प्रदेश सरकारबीच कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा महत्वपूर्ण छलफल भएको छ।'



बैठकमा प्रधानमन्त्री कार्कीले निर्वाचनको सन्दर्भमा भएको प्रगतिको विषयमा पनि मुख्यमन्त्रीहरूलाई जानकारी गराएकी छन्। बैठकमा प्रदेश सरकारको तर्फबाट पनि स्थानीयस्तरमा चुनावको वातावरणको विषयमा जानकारी गराएका थिए। मन्त्री खरेलले भने, 'प्रदेश सरकारबाट पनि प्रदेश तहमा चुनावको वातावरण कस्तो छ ? जनस्तरमा कस्तो छ ? सुरक्षा अवस्था कस्तो छ ? जनस्तरमा सबै सरोकारवालाहरूले चुनावलाई कसरी लिएका छन् भन्ने विषयमा उहाँहरूले पनि कुरा राख्नुभयो।'

बैठकमा संघ, प्रदेश र स्थानीय तहबीच मिलेर काम गर्ने र चुनावलाई सफल बनाउने विषयमा मुख्यमन्त्रीहरूले प्रतिबद्धता जनाएको मन्त्री खरेलले जानकारी दिए। मुख्यमन्त्रीहरूले संघीय सरकारले प्रदेश सरकार संघीय सरकाको एउटा युनिट नभई स्वायत्त भएको विषयमा अवगत गराएका थिए। उनीहरूले संघीय सरकारले निर्वाचनको वातावरण बनाएका आफू सहयोग गर्न तयार रहेको स्पष्ट पारेका थिए। उनीहरूले शान्ति सुरक्षाको विषयका संघीय सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निर्वाचन विषयमा छलफल भएको भएको जानकारी दिए। निर्वाचन घोषणा भए पनि वातावरण बनाउने काम नभएको विषयमा पनि मुख्यमन्त्रीहरूले प्रधानमन्त्रीसँग कुरा राखेको उनले बताए। 'निर्वाचनको वातावरण बनिसकेको छैन, वातावरण बनाउने काम संघीय सरकारको हो, सरकारका कतिपय मन्त्रीहरूबाट धुम्मिल्याउने कोसिस भइरहेका छन्।

» बाँकी पृष्ठ ६

## अमेरिका–चीनबीच प्रत्यक्ष सैन्य सञ्चार च्यानल स्थापना गर्न सहमति

**क्वालालम्पुर** (एजेन्सी): संयुक्त राज्य अमेरिकाका रक्षामन्त्री पिट हेग्सेथले आइतबार अमेरिका र चीनले प्रत्यक्ष सैन्य सञ्चार च्यानलहरू स्थापना गर्ने सहमति गरेको बताएका छन्। उनका अनुसार दुवै मुलुकबीचको द्विपक्षीय सम्बन्ध 'अहिलेसम्मकै उत्कृष्ट अवस्थामा' पुगेको छ। हेग्सेथले शनिबार राति क्षेत्रीय सुरक्षा सम्मेलनका क्रममा आफ्ना चिनियाँ समकक्षी एडमिरल डोङ जुनसँग भेटवार्ता गरेका थिए। उनले भने, 'शान्ति, स्थिरता र राम्रो सम्बन्ध हाम्रा दुवै महान् र शक्तिशाली देशहरूको साझा मार्ग हो भन्नेमा हामी सहमत भयौं।'

यसअघि उनले दक्षिणपूर्वी एसियाली राष्ट्रहरूलाई दक्षिण चीन सागरमा चीनका 'अस्थिर र चुनौतीपूर्ण गतिविधिहरू' विरुद्ध दृढ रहन र आफ्नो नौसैनिक क्षमता सुदृढ गर्न आह्वान गरेका थिए। 'दक्षिण चीन सागरमा चीनका क्षेत्रीय दाबीहरू, विवादहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने प्रतिबद्धतासँग मेल खान्नन्', उनले आसियानका रक्षा मन्त्रीहरूसँगको बैठकमा भने, 'हामी शान्ति चाहन्छौं, द्वन्द्व होइन। तर, हामीले सुनिश्चित गर्नुपर्छ कि चीनले कुनै पनि मुलुकलाई हावी हुन नपाओस्।'

# आठवटा वाम घटकबीच एकता सहमति

**राजकरण महतो** | *काठमाडौं*

माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत ८ वटा वाम घटकहरूबीच पार्टी एकता गर्ने १८ बुँदे सहमति भएको छ। कम्युनिस्ट विचारधारा भएका दलहरूबीच पार्टी एकता गर्ने सहमति पत्रमा हस्ताक्षर भएको हो। एकतापछिको पार्टी नाम के राख्ने भन्नेबारे टुंगो लागेको छैन। सहमतिअनुसार पार्टीको चुनाव चिह्न भने पाँचकुने तारा हुनेछ।

माओवादी केन्द्रको मुख्यालय पेरिसडाँडामा आइतबार ती दलका नेताहरूले सहमति पत्रमा हस्ताक्षर गरेका हुन्। 'संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक सामाजिक रूपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिस्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता भएको छ', सहमतिपत्रमा उल्लेख छ।

नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेकपा समाजवादी, जनसमाजवादी पार्टी नेपाल, नेपाल



कम्युनिस्ट पाटी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी) बीचमा पार्टी एकता एवं कम्युनिस्ट एकीकरणको प्रक्रिया अगाडि बढाउनका लागि १८ बुँदामा सहमति भएको हो। आगामी १९ गते यी पार्टीहरूबीच एकता घोषणा गरिनेछ। सहमति पत्रमा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र यादवसहितले हस्ताक्षर गरेका छन्। पार्टी एकता १९ गते हुने घोषणापत्रमा छ।

» बाँकी पृष्ठ ६

# कांग्रेस बैठक फेरि स्थगित, सहमतिको प्रयास

**अन्नपूर्ण** | *काठमाडौं*

पार्टीको नियमित महाधिवेशन गर्ने कि विशेष भन्नेमा सहमति जुट्न नसक्दा कांग्रेसको दोस्रो पटक आइतबार बोलाइएको केन्द्रीय कार्यसमिति बैठक पनि स्थगित भएको छ। शुक्रबार पनि बैठक बस्दै नबसी आइतबारका लागि बैठक तय गरिएको थियो। १५औं महाधिवेशनको मितिबारे कांग्रेसमा यतिबेला चर्को विवाद छ। शनिबार सानेपामा पदाधिकारी बैठक बसेर सहमतिको प्रयास गरे पनि सहमति जुट्न सकेन।

बैठकमा महामन्त्री र संस्थापन पक्षले फरक-फरक कार्यतालिका प्रस्ताव गर्दै आएका छन्। शनिबारको बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले महासमिति सदस्यबाट महाधिवेशन चुनावअघि कि पछि भनेर भोटिङ गर्नुपर्ने प्रस्तावसमेत गरेका थिए । कार्यतालिका प्रस्तावबारे सहमति खोज्न कार्यवाहक सभापति पूर्णबहादुर खड्काले दुई महामन्त्रीसहित शीर्ष नेतासँग छुट्टाछुट्टै भेटवार्ता गरिरहेका छन्।

खड्काले आइतबार बिहान पदाधिकारी बैठक पनि डाकेका थिए। उक्त बैठकमा पनि सहमति जुट्न सकेन। बैठकमा पनि महाधिवेशन कार्यतालिकाबारे सहमति जुट्न नसकेपछि केन्द्रीय समिति बैठक नै स्थगित गरिएको हो।



महाधिवेशन कार्यतालिका नल्याउने भए आफूहरू केन्द्रीय समिति बैठकमै उपस्थित नहुने महामन्त्रीद्वयले बताउँदै आएका छन्। महामन्त्री शर्माले पुस १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशन कार्यतालिका ल्याउनुपर्ने बताइरहेका छन्।

महामन्त्रीद्वयले ढिलोमा पुसभित्रै महाधिवेशन गर्नुपर्ने अडान राख्दै आएका छन् भने सभापति शेरबहादुर देउवा पक्षले वैशाखमा महाधिवेशन गर्नुपर्ने र निर्वाचन अघि सम्भव नभएको र व्यवहारीक पनि नहुने अडानमा छन्। एउटा पक्षले ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर बुझाएर विशेष महाधिवेशन माग गरेका छन्। नियमित महाधिवेशन नगरे विशेष महाधिवेशन बोलाउन कार्यवाहक सभापति खड्कामाथि उनीहरूले घच्घचाइरहेका छन्।

» बाँकी पृष्ठ ६